08 September 2024

**मुख्य समाचार**

- **जम्मु कश्मीरमा विधानसभा चुनाउका लागि चुनावी गतिविधि तीब्र**
- **विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर रियाद, बर्लिन र जेनेभाको यात्रामा**
- **अबुधाबीका क्राउन प्रिन्स भारतको तीन दिने भ्रमणमा**
- **लखनऊ भवन दुर्घटनामा मृतकको संख्या बढेर आठ पुग्यो**
- **पेरिस पाराओलम्पिक खेलको समापन हुँदै, सात स्वर्णसहित भारत पदकतालिकामा 18 औं स्थानमा, अनि**
- **एसियाई हकी च्याम्पियनसिपमा भारतले आयोजक चीनलाई हरायो**

**जम्मू-कश्मीर चुनाउ**

जम्मु कश्मीरमा आगामी विधानसभा चुनाउका लागि चुनावी गतिविधि तीब्र भएको छ । पहिलो चरणको मतदान 18 सितम्बरमा हुनेछ।

यसैबीच भारतीय जनता पार्टी भाजपाले आफ्ना उम्मेदवारको समर्थनमा चुनावी अभियानलाई तीव्रता दिएको छ । भाजपाका वरिष्ठ नेता एवम् रक्षामन्त्री श्री राजनाथ सिंहले आज रामबन र बनिहालमा जनसभालाई सम्बोधन गर्नुभयो।

गृहमन्त्री श्री अमित शाह र लोकसभामा विपक्षका नेता श्री राहुल गान्धीले पनि जम्मू कश्मीरको भ्रमण गर्नुभएको छ। गृहमन्त्रीले हिजो पलौरामा आयोजित ज्यालीलाई सम्बोधन गर्नुभएको थियो। भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदी, भाजपा अध्यक्ष श्री जगतप्रकाश नड्डा र केन्द्रीय मन्त्रीहरू श्री शिवराज सिंह चौहान, श्री नितिन

गडकरी, श्री मनोहर लाल खट्टर अनि श्री जी. किशन रेड्डी चुनावी अभियानमा सहभागी बन्नुहुनेछ। जम्मू कश्मीरमा दोस्रो चरणको मतदान 25 सितम्बरको दिन अनि तेस्रो चरणको मतदान 1 अक्टोबरमा हुनेछ। मतगणना 8 अक्टोबरमा हुनेछ।
यसैबीच, भाजपाले आगामी जम्मू कश्मीर विधानसभा चुनाउका लागि १० जना उम्मेदवारहरूको अर्को सूची पनि जारी गरेको छ।

**जयशंकर- रियाद-बर्लिन-जेनेभा**

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर भारत-खाडी सहयोग परिषद्का विदेशमन्त्रीहरूको पहिलो बैठकमा भाग लिन आज साउदी अरबको राजधानी रियाद पुग्नुभएको छ। दुई दिने भ्रमणका क्रममा उहाँले भारत खाडी सहयोग परिषद्का सदस्य देशहरूका विदेशमन्त्रीहरुको सम्मेलनमा भाग लिनु हुनेछ। उहाँले परिषद्का सदस्य राष्ट्रका विदेशमन्त्रीहरूसँग पनि भेट गर्ने कार्यक्रम छ।
गल्फ कोअपरेशन काउन्सिल क्षेत्र भारतको प्रमुख व्यापारिक साझेदारको रूपमा खडा भएको छ, यहाँ लगभग 90 लाख भारतीयहरू रहेका छन्।
भ्रमणको दोस्रो चरणमा डा. जयशंकर दुई दिने भ्रमणमा मंगलबार जर्मनीको राजधानी बर्लिन जानुहुनेछ । यो उहाँको तेस्रो बर्लिन भ्रमण हुनेछ। जर्मनी भारतमा सबैभन्दा ठूलो लगानी गर्ने देशहरूमा एक हो । डा जयशंकरले जर्मनीका विदेशमन्त्रीसँग वार्ता गर्नुहुनेछ ।
त्यसपछि डा. जयशंकर 12 तारिखदेखि स्वीट्जरल्याण्डको भ्रमणका लागि जेनेभा जानु हुनेछ।
भ्रमणका क्रममा विदेशमन्त्रीले भारतसँग सक्रिय रुपमा संलग्न रहेका संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग पनि भेटघाट गर्नु हुनेछ। डा. जयशंकरले स्विट्जरल्याण्डका विदेशमन्त्रीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ।

**क्राउन प्रिन्स - भ्रमण**

अबुधाबीका **क्राउन प्रिन्स** युवराज श्री **शेख खालेद बिन मोहम्मद बिन जायद अल नहयान** तीन दिने भारत भ्रमणमा आज साँझ नयाँ दिल्ली आइपुग्नुभयो। उहाँलाई विमानस्थलमा केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले स्वागत गर्नुभयो। अबुधाबीका युवराजका रूपमा यो उहाँको पहिलो भारत यात्रा हो। युवराजसँग युएईका विभिन्न मन्त्री र व्यापार प्रतिनिधिमण्डल पनि भारत आएको छ। उहाँले भोलि प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेट गरी द्विपक्षीय सहयोगका विविध क्षेत्रमा छलफल गर्नु हुनेछ। **क्राउन प्रिन्सले** राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई पनि भेट्ने र महात्मा गान्धीलाई श्रद्धाञ्जली दिन राजघाट जाने कार्यक्रम छ।

**लखनऊ भवन दुर्घटना**

लखनउमा हिजो भएको भवन दुर्घटनामा मृत्यु हुनेको संख्या बढेर आठ पुगेको छ । 28 जना घाइते भएका छन् र उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले लखनउमा भएको भवन दुर्घटनामा ज्यान गुमाएका प्रत्येक मृतकका आफन्तलाई 2-2 लाख रुपियाँ अनुग्रह राशि दिने घोषणा गर्नुभएको छ । घाइते हुनेलाई 50-50 हजार रुपियाँ दिइनेछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**अश्विनी वैष्णेव - टा□म पत्रिका**

टाइम म्यागजिनले सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवलाई प्रविधि तथा आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा सबैभन्दा महत्वपूर्ण व्यक्तिको सूचीमा समावेश गरेको छ । श्री वैष्णेवको नाम यस सूचीमा "शेपर्स" श्रेणीमा राखिएको छ। पत्रिकाले

भनेको छ,  श्री वैष्णवको नेतृत्वमा भारत आगामी पाँच वर्षमा सेमिकन्डक्टर उत्पादनको क्षेत्रमा शीर्ष पाँच देशहरूमा पर्ने सम्भावना छ। टाइम पत्रिकाले भारतीय शिक्षा प्रणालीले एआई र सेमीकन्डक्टर निर्माणका लागि आवश्यक जनशक्तिको विकासलाई गति दिइरहेको पनि बताएको छ।

Monkeypox **शंकास्पद केस**

एकजना युवामा मङ्कीपोक्सको शंकास्पद लक्षण भेटिएको छ । उनले हालैमा मंकीपोक्सको संक्रमण भएको देशको यात्रा गरेका थिए। बिरामीलाई विशेष अस्पतालमा आइसोलेसनमा राखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मंकीपोक्सको संक्रमण पुष्टि गर्न बिरामीको नमूना परीक्षण भइरहेको छ। मन्त्रालयले यस्ता सङ्क्रमितसँग लड्न देश पूर्ण रूपमा तयार रहेको बताएको छ।

**जवाहर सरकार राजीनामा - TMC**

तृणमूल कंग्रेस पार्टीका राज्यसभा सांसद श्री जवाहर सरकारले पद तथा राजनीतिबाट राजीनामा दिनुभएको छ। यस सम्बन्धमा उहाँले पार्टी प्रमुख एवम् पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बनर्जीलाई पत्र लेख्नुभएको छ।

**विदेश मन्त्रालय भारत सहायता**

भारतले तीन अफ्रिकी देश जिम्बावे, जाम्बिया र मलावीका खडेरी प्रभावित क्षेत्रका जनताको खाद्यान्न आवश्यकता पूरा गर्न सहयोग पठाएको छ। एक हजार मेट्रिक टन चामल हिजो मलावीतर्फ प्रस्थान गराइएको विदेश मन्त्रालयले जनाएको छ। त्यस्तै जिम्बावेका लागि एक हजार मेट्रिक टन चामलको खेप नाभासेवा बन्दरगाहबाट हिजो प्रस्थान गरेको छ। जाम्बियाका लागि १३ सय मेट्रिक टन मकै पठाइएको छ। भारतले

हिजो दिल्लीबाट चाडमा भएको भीषण आगलागीपछि चाडका लागि आवश्यक पर्ने दुई हजार तीन सय किलोग्राम जीवन रक्षक औषधि र स्वास्थ्य सामग्री पठाएको छ।

## माण्डाविया - ओलम्पिक परिषद

युवा मामिला तथा खेल मन्त्री डा. मनसुख मण्डावियाले सन् 2030 को युवा ओलम्पिक र 2036 को ग्रीष्मकालीन ओलम्पिक खेल आयोजना गर्ने भारतले दाबी गर्ने बताउनु भएको छ।

आज नयाँ दिल्लीमा एसियाई ओलम्पिक परिषद्को ४४औँ महासभालाई सम्बोधन गर्दै डा. माण्डवियाले भन्नुभयो, भारत सरकारले खेलकुद क्षेत्रको बजेट बढाएर 470 मिलियन डलर पुर्‍याएको छ। श्री मण्डावियाले खेलकुदले देशलाई एकताको सुत्रमा बाँध्ने काम गरेको बताउनुभयो।

## प्यारालम्पिक खेल

पेरिस पाराओलम्पिक खेलको आज राति समापन हुँदैछ। 2024 प्याराओलम्पिक खेल भारतका लागि ऐतिहासिक कोसेढुङ्गा प्रमाणित भएको छ। भारतले **सात** स्वर्ण, **नौ** रजत र 13 कास्यसहित कुल 29 पदक जितेको छ र पदक तालिकामा 18 औं स्थानमा रहेको छ।

समापन समारोह फ्रान्सको राष्ट्रिय स्टेडियम **स्टेड डे फ्रान्स**मा हुनेछ। भारतको तर्फबाट स्वर्ण पदक विजेता आर्चर हरविन्दर सिंह र धावक प्रीति पाल ध्वजवाहक हुनेछन्। खेलाडीहरूको परेड पछि, 2028 को प्याराओलम्पिक खेलको आयोजक लस एन्जिलसलाई बेटन हस्तान्तरण गरिनेछ।

## एशिया कप - हकी

पुरुष एसियाई हकी च्याम्पियनसिप आजदेखि चीनको **हुलुन बु□र**मा सुरु भयो । आज भारतले आयोजक चीनलाई तीन गोलले पराजित गरेर आफ्नो विजय अभियानको थालनी गरेको छ। डिफेन्डिङ च्याम्पियन भारत यस वर्ष कीर्तिमानी पाँचौंपल्ट उपाधि जित्ने लक्ष्यमा छ । प्रतियोगिताको पहिलो खेलमा दक्षिण कोरिया र जापानको खेल बराबरीमा टुङ्गिएको थियो ।

## मुख्य समाचार फेरि एकपल्ट

- **जम्मु कश्मीरमा विधानसभा चुनाउका लागि चुनावी गतिविधि तीव्र**
- **विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर रियाद, बर्लिन र जेनेभाको यात्रामा**
- **अबुधाबीका क्राउन प्रिन्स भारतको तीन दिने भ्रमणमा**
- **लखनऊ भवन दुर्घटनामा मृतकको संख्या बढेर आठ पुग्यो**
- **पेरिस पाराओलम्पिक खेलको समापन हुँदै, सात स्वर्णसहित भारत पदकतालिकामा 18 औं स्थानमा, अनि**
- **एसियाई हकी च्याम्पियनसिपमा भारतले आयोजक चीनलाई हरायो**